PRATEEK DAILY
# प्रतीक
दैनिक
epateekdaily.com
राष्ट्रिय 'क' वर्ग



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

धुम्रपान र मद्यपानबाट टाढा रहौं, सुखी र स्वस्थ जीवन बिताऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ फागुन ०५ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 17 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७३

## मध्य तराईमा सुरक्षित नागरिक आवास कार्यक्रम सुस्त
## कर्मचारीले घूस लिएर कोटा दिएको गुनासो

प्रस, परवानीपुर, ४ फागुन/

मध्य तराईको पर्सा, बारा र रौतहटमा दलित, विपन्नहरूको लागि जस्तापाताको छानो बनाइदिने कार्यक्रम सुरक्षित नागरिक आवास कार्यक्रम सुस्त गतिमा अघि बढिरहेको छ ।


तस्वीरः प्रतीक

आव २०७६/०७७ देखि शहरी विकास मन्त्रालय अन्तर्गतको वीरगंजस्थित सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालयले यो कार्यक्रम अगाडि बढाएको हो । यो कार्यक्रमबारे सूचना प्रकाशित भएपछि दलित, विपन्नहरूले आफ्नो अवस्थाबारे विवरण समावेश गरी निवेदन दिएपछि जिल्लाको सुरक्षित नागरिक आवास समन्वय समितिले छनोट गरेमा आवेदकले दुई किस्तामा पचास हजार रुपैयाँ पाउँछन् ।

उक्त रकमले दलित, विपन्न परिवारले फुसको छानो हटाएर जस्तापाताको छानो लगाउनुपर्छ । तर चालू आवमा यस कार्यक्रमको अनुगमन, नियमन र किस्ता वितरण गर्ने अधिकार स्थानीय पालिकामा गएपछि कार्यक्रम सुस्त गतिमा अघि बढेको आयोजना कार्यालय वीरगंजका प्रमुख रञ्जनकुमार दासले बताए । उनका अनुसार पर्साको क्षेत्र नं १ मा ९४७, २ मा ८५१, ३ मा १११२ र ४ मा ९९७ गरी ३९०७ वटा फुसको घरमा जस्तापाताको छानो छाउनुपर्नेछ ।

बाराको क्षेत्र नं १ मा ९३५, २ मा २४७, ३ मा १३३६ र ४ मा १०४२ गरी ३५६० र रौतहटको क्षेत्र नं १ मा ११४६, २ मा ८५१, ३ मा १२७१ र ४ मा १०६५ गरी ४३३३ वटा फुसको घरमा जस्तापाताको छानो छाउने योजना रहेको छ ।

प्रधानमन्त्रीको बहुप्रतीक्षित कार्यक्रम अन्तर्गतको योजना भए तापनि यसको कार्यान्वयन, अनुगमन र नियमनको पाटो फितलो भएकोले यो कार्यक्रमको लाभ प्रत्यक्षरूपमा दलित, विपन्न परिवारले लिन नसकेको र लिए तापनि जस्तापाताको छानो बन्न नसकेको गाउँलेहरूले बताएका छन् । केही गाउँलेले पचास हजार रकममध्ये तीस हजार र बीस हजार गरी दुई किस्तामा रकम दिने गरे तापनि एउटा किस्ताको लागि आयोजना कार्यालयकै प्राविधिक र समाजका केही अगुवा व्यक्तिले रु २ हजार घूसबापत लिएर कोटा पारिदिने र त्यसपछि रकम उपलब्ध गराउने गरेको गुनासो गरेका छन् ।

यस विषयमा आयोजना कार्यालयका प्रमुख दासले गत आवमा कार्यालयले नै सबै काम हेर्ने गरेकोमा कोटा दिने काम अहिले जिल्ला समन्वय समिति, पर्साका सभापतिको अध्यक्षतामा रहेको सुरक्षित नागरिक आवास समन्वय समितिले गर्ने गरेको र रकमको निकासा स्थानीय पालिकाले गर्ने गरेकाले यसमा आफ्नो कार्यालयका कर्मचारीको दोष नरहेको दाबी गरे । आएका गुनासाबारेमा आफूले पनि छानबिन गर्ने उनले बताए ।

## आयुर्वेदिक उद्योगको अर्बौंको लगानी धरापमा

प्रस, परवानीपुर, ४ फागुन/

नेपाल जडीबुटीमा धनी भए तापनि नेपालमा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगको लगानी धरापमा पर्दै गएको छ ।


आयुर्वेदिक औषधि । तस्वीरः फाइल

आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगीहरूका अनुसार नेपालकै जडीबुटी प्रशोधन गरेर गुणस्तरीय औषधि उत्पादन तथा बिक्री वितरणका लागि सरकारले वातावरण नबनाएकोले करीब १० अर्ब रुपैयाँभन्दा बढीको लगानी धरापमा परेको उद्योगीहरूको भनाइ छ ।

पर्साको पोखरिया-८ गर्दौलमा सञ्चालित सीता आयुर्वेद प्रालिका प्रबन्ध निर्देशक सञ्जीव रायले नेपालमा ६० भन्दा बढी आयुर्वेदिक उद्योग सञ्चालनमा रहे तापनि सरकारले राजस्व मात्र लिएको तर आयुर्वेदिक औषधि उत्पादन, बिक्री वितरण तथा उद्योगी-व्यवसायीको समस्याबारेमा सम्बोधन गर्न नसकेको उनले गुनासो गरे ।

उनका अनुसार वीरगंज, विराटनगर, भरतपुर, हेटौंडा, काठमाडौं, भैरहवालगायतका ठाउँमा आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगहरू सञ्चालित छन् ।

कोरोनाकालमा आयुर्वेदिक औषधिप्रति सर्वसाधारणको ध्यान तानिएको तर सरकारले हालसम्म उद्योग फस्टाउनको लागि नीति अगाडि नबढाएको उनले आरोप लगाए ।

आयुर्वेदिक औषधि उद्योगहरूको समस्यामध्ये एलोपेथिक चिकित्सकहरूले आयुर्वेदिक औषधिलाई रोग निको पार्ने औषधिको दर्जा नदिनु हो भने नेपाल सरकारले आयुर्वेदिक औषधि अनुसन्धान केन्द्र स्थापना गरे तापनि कुनै प्रकारको अनुसन्धान नगरेको आरोप छ ।

सरकारले नेपालमा आयुर्वेदिक बिफर्मा अध्ययनको लागि पनि पर्याप्त मात्रामा कलेज नखोल्दा दक्ष जनशक्तिको अभाव छ भने भारतबाट पढेर आएका आयुर्वेदिक बि फर्मासिस्टहरूको लागि नेपालको काउन्सिलमा दर्ता गरी काम गर्ने वातावरण बनोस् भनेर मेडिकल काउन्सिलजस्तै आयुर्वेदिक काउन्सिल नरहेको उद्योगीहरूको भनाइ छ ।

नेपालको जडीबुटी नेपाली उद्योगीहरूले सहजरूपमा प्राप्त गर्ने वातावरण नरहेको तर त्यही औषधिको कच्चा पदार्थ भारत तथा तेस्रो मुलुकबाट महँगो मूल्यमा खरीद गरी औषधि उत्पादन गर्नुपर्ने समस्याका कारण औषधि उद्योगतर्फ लगानीकर्ताको पनि विश्वास घट्दै गएको र लगानी भविष्यमा डुब्ने चिन्ता पनि बढ्दै गएको बताइएको छ ।

नेपालमा भास्कर, गोर्खा, ग्रेस, सिंहदरबार वैद्यखाना जस्ता दर्जनौं आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योगहरू सञ्चालित छन् ।

## सरस्वतीपूजा धूमधामले मनाइयो, ठाराब र घडीअर्वामा फोटो खिच्नेको घुइँचा


ठाराब क्याम्पस वीरगंजमा रमाइलो गर्दै विद्यार्थीहरू । तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ फागुन/

यस वर्ष विद्याकी देवी सरस्वती माताको पूजा आराधना वीरगंजमा धूमधामले गरिएको छ ।

क्याम्पस, विद्यालय तथा हरेक टोलको चोक तथा गल्लीमा पन्डाल बनाएर तामझामका साथ विद्यार्थीहरूले सरस्वतीपूजा आयोजना गरेका थिए । सरस्वतीपूजाको अवसर पारी ठाकुर राम बहुमुखी क्याम्पसले सांस्कृतिक कार्यक्रम आयोजना गरेकोमा स्थानीय गायक सुनील पण्डित र स्थानीय कलाकारहरूको प्रस्तुतिमा दर्शकहरू झुमेका थिए ।

त्यसैगरी, सरस्वतीपूजाको अवसरमा ठाकुर राम बहुमुखी क्याम्पसको बगैंचामा र घडीअर्वा पोखरी परिसरमा विद्यार्थी तथा तन्नेरीहरूको फोटो खिच्न र टिकटक भिडियो बनाउन घुइँचो लागेको देखियो । पहिले सरस्वतीपूजामा निकै आस्थाका साथ पूजा आराधना हुने गरेकोमा वर्तमान पुस्ताको ट्रेन्ड बदलिँदै गएको पनि महसूस गरिएको छ ।

पूजाको दिन साथीभाइसँग रमाइलो गर्ने, घुमफिर गर्ने, फेसबूक र सामाजिक सञ्जालका लागि फोटो खिच्ने, टिकटक भिडियोमा उनीहरू रमाएको देखियो । ठाराबको बगैंचामा ढकमक्क फुलेका फूलहरू हेरेर सहभागीहरू खुशी भएका थिए ।

## प्रदेश २ का ६ जिल्ला कोरोनामुक्त, डेढ महीनादेखि मृत्यु भएन

प्रस, वीरगंज, ४ फागुन/

विगतमा कोरोना महामारीको हटस्पट बनेको प्रदेश २ कोरोना नियन्त्रणमा सुधारोन्मुख देखिएको छ ।


तस्वीरः सौजन्य

नारायणी अस्पताल र नगरप्रमुख विजयकुमार सरावगीलाई कोरोना भाइरसविरुद्धको खोप लगाइँदै । तस्वीरः सौजन्य

प्रदेश २ का आठ जिल्लामध्ये ६ वटा जिल्ला ग्रीन जोन बनेका छन् भने दुई जिल्ला पर्सा र धनुषामा अहिले पनि ५२ जना सक्रिय कोरोना सङ्क्रमित रहेको सामाजिक विकास मन्त्रालयको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक विजय झाले पछिल्लो डेढ महीनादेखि कोरोनाको कारण कसैको पनि मृत्यु नभएको र दैनिक हुने पिसिआर परीक्षणमा पनि न्यून मात्रामा कोरोना सङ्क्रमण भेटिने गरेको जानकारी गराए । मङ्गलवार अपराह्न ३ बजेको अपडेट अनुसार पछिल्लो २४ घण्टामा ८५ वटा नमूना परीक्षण भएकोमा सबैको नतीजा नेगेटिभ आएको उनले बताए ।

प्रादेशिक जनस्वास्थ्य कार्यालय जनकपुरमा २५ र सोही प्रयोगशालामा एन्टिजिनबाट १४, गौर प्रयोगशालामा ३० र नारायणी अस्पताल प्रयोगशालामा १६ गरी ८५ वटा नमूना सबै नतीजा नेगेटिभ आएको उनले जानकारी गराए । हालसम्म प्रदेश २ का ८ जिल्लामा १४ हजार १९३ पुरुष, २ हजार ९९९ महिला गरी कुल १७ हजार १९२ जना सङ्क्रमित भएकोमा सक्रिय सङ्क्रमितबाहेक १३ हजार ९८५ पुरुष, २ हजार ९४६ महिला गरी कुल १६ हजार ९ सय ३१ जना सङ्क्रमित निको भइसकेका छन् । प्रदेश २ का ८ जिल्लामा कोरोना सङ्क्रमणबाट २०९ जनाको मृत्यु भएकोमा त्यसमध्ये एकजना भारतीय पनि छन् ।

पर्सामा एकजना भारतीयसहित ५१, बारामा २४, रौतहटमा १०, सर्लाहीमा १४, महोत्तरीमा १८, धनुषामा २५, सिराहामा २५ र सप्तरीमा ४१ जना गरी कुल २०९ जनाको मृत्यु भएको तथ्याङ्क छ । पछिल्लो डेढ महीनादेखि कोरोना सङ्क्रमणबाट मानवीय क्षति नभएको उनले चर्चा गर्दै मृत्यु हुनेमा १६९ पुरुष र ४० जना महिला रहेको जानकारी गराए ।

हालको ५२ जना सक्रिय सङ्क्रमितमध्ये पर्सामा २३ र धनुषामा २९ जना रहेका छन् भने बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा र सप्तरी कोरोनामुक्त (ग्रीन जोन) क्षेत्र बनेका छन् ।

**समय र परिस्थिति सदैव परिवर्तन भइरहन्छ, तर साँचो सम्बन्ध र मित्र कहिले परिवर्तन हुँदैन ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## कहाँ छन् अधिकारवादीहरू ?

**केही दिन पहिले पर्साको जीराभवानी गाउँपालिकामा करणी प्रयासको घटना भयो । दलित युवतीलाई उनको घरमैं पसेर दुई युवकले करणीको दुष्प्रयास गरे । युवतीले हार गुहार गरेपछि छिमेकीले थाहा पायो र पीडकहरू फरार भए। लामो समयसम्म सो मुद्दा प्रहरीमा दर्ता नभएपछि दुवै युवक गाउँमा फर्किए र उल्टै पीडित युवतीका साथै उनको परिवारजनलाई धम्की दिन थाले । प्रहरीमा मुद्दा नदिएको होइन । दलित युवतीतर्फबाट बोल्ने कोही नभएकोले प्रहरीमा दबाब पुगेन, दबाब नपुगेपछि मुद्दा दर्ता हुन पनि सकेन । घटनाको करीब एक महीनापछि सञ्चारमाध्यममा मुद्दा उठान भयो र अन्ततः प्रहरीले मुद्दा दर्ता गरेको छ । "बलात्कारको प्रयास मात्रै भएकोमा बलात्कार नै भएको भनेर मुद्दा आएकोले दर्ता नगरिएको तर पछि सच्याएर ल्याएपछि दर्ता गरिएको" प्रहरीको भनाइ छ । यस्ता घटनामा प्रहरी आफैंले मुद्दा लेखिदिएर भएपनि अपराधी उम्कन नपाउने गरी कारबाई चलाउनुपर्ने हो । पीडित अनपढ, दलित युवतीले पेश गरेको जाहेरीलाई प्राविधिक कारण देखाएर अपराधी उम्काउन खोज्नु अक्षम्य छ । घटना सार्वजनिक भयो, प्रहरीले थाहा पायो, सञ्चारकर्मीले अलि पछि थाहा पाएर समाचार छापे, तर महिला अधिकारवादीहरूले आजसम्म उक्त घटनाबारे थाहा पाएका छैनन् ।**

**यसै साता पर्साकै बैरिया निवासी १६ वर्षीया अविवाहित किशोरी जसको विवाहको तयारी हुँदै थियो, उनको गर्भवती अवस्थामा मृत्यु भएको छ । गाउँकै एक युवकसँग प्रेम सम्बन्ध राखेकी किशोरीको पेटमा पाँच महीनाको गर्भ रहेको कुरा शव शल्यपरीक्षण गर्ने क्रममा देखिएको हो । गर्भको मृत शिशु प्रहरीको नाङ्गो आँखाले प्रस्ट देखेको छ। किशोरीलाई गर्भपतनको औषधि खुवाएको हुन सक्ने प्रहरीको अनुमान छ। औषधि खुवाएको हो, होइन भन्ने कुरा शल्यपरीक्षण रिपोर्टमा खुल्ने हो । प्रहरी त्यही पर्खिएर बसिरहेको छ । शल्यपरीक्षण रिपोर्टबाट औषधि खुवाएको प्रमाणित भएमा, औषधि कसले खुवाएको हो भन्नेबारे प्रहरीले अनुसन्धान थाल्नेछ । औषधि फलानोले खुवाएको हो भन्ने प्रमाणित हुनका लागि सेवनकर्ताले बोलिदिनुपर्‍यो, नत्र साक्षी रोहबर चाहियो, नत्र अपराधी आफैंले स्वीकार्नुपर्‍यो । देखिएको प्रमाणलाई छाडेर पछि खुल्ने कुराको प्रतीक्षामा बस्दा अपराधी जोगाउने काम भइरहेको छ । यस घटनाबारे पनि महिला अधिकारवादीहरू बेखबर छन् ।**

**उमेर नपुगेकी किशोरीको एक युवकसँग प्रेम सम्बन्ध रहेको कुरा दुवैतर्फका अभिभावकलगायत गाउँलेलाई समेत थाहा छ । किशोरीको एकजना युवकबाहेक अन्य केटासाथी देखाउन उनीहरू सकिरहेका छैनन्। किशोरीको घरपरिवारबाट अन्यत्रै विवाहको तयारी भइरहेको पनि खुलिसकेको छ। फेरि पनि कोही पक्राउ पर्दैनन्। १६ वर्षीया किशोरीसँग यौन सम्बन्ध राख्नु कानूनतः बलात्कार हो। यौन सम्बन्ध नभएको भए गर्भ रहने थिएन। युवती आफ्नै कालगतिले मरेको रहेछ भने पनि यस घटनामा बलात्कारको घटना खुलिसकेको छ। बलात्कारीलाई पक्राउ गर्न छोडेर प्रहरी औषधिको पछि लागिरहेको छ । किशोरीलाई १६ वर्षकै उमेरमा विवाह गराउन खोज्ने बालविवाहका योजनाकारहरू अनुसन्धानको दायरामा किन परेनन् ? अपराधको फेर समाते सिङ्गो हात लाग्छ । तर यसको लागि दबाब पुगेन, फेरि पनि महिला अधिकारवादीहरू मौन छन्। शायद उनीहरू आवाज उठाउनको लागि कसैले लगानी गरिदेओस् भन्ने सोच छन् ।**

# बुझौं के हुँदैछ नेपालमा

स्वतन्त्र विचार



**विनोद गुप्ता**

> **...ओलीको अधिनायकवादविरुद्ध मात्र होइन, विरोध गर्ने राजनीतिक शक्तिका लागि आगामी दिन कस्तो हुनुपर्छ भनेर चेत खुलाउने सन्देश पनि हो । ढिलोचाँडो ओलीतन्त्रको समाप्ति निश्चित छ, तर सत्ताका लागि मात्र आन्दोलन गर्ने दलहरूले आजको पुस्ताको यो भाव बुझ्न सकेनन् भने यो आगो निभ्ने सङ्केत देखा पर्दैन ।**

नेपालमा सरकारी तथा गैरसरकारी दुवै आन्दोलन आफ्नो चरममा छ। मूल मुद्दा भने प्रतिनिधिसभाको विघटन कानूनसम्मत छ कि छैन भन्ने हो, जुन सर्वोच्च अदालतको विचाराधीन छ । तर फैसला भने सडकबाट आइरहेको छ। सरकारी आन्दोलनका अगुवाहरूले विघटन सदर हुने र चुनाव वैशाखमैं हुने दाबी गरिरहेका छन् भने गैरसरकारी आन्दोलनकारीहरू विघटनको निर्णय रद्द हुनुपर्ने माग गर्दै चुनाव वैशाखमा नहुने ठोकुवा गर्दैछन् । हुन्छ के, भन्ने कुरा भविष्यको गर्भमा छ। तर एउटा सामान्य नागरिकको हैसियतले हेर्दा कुनै पनि राजनीतिक प्रणालीमा तीनवटा अङ्ग विधायिका, कार्यपालिका तथा न्यायपालिका हुन्छन् नै । यीमध्ये विधायिका गठनका लागि हुने प्रजातान्त्रिक निर्वाचनमा जनताद्वारा प्रत्यक्ष मतदान हुन्छ । मतदानमा बढी मत हासिल गर्ने दलको नेतृत्वमा सरकार वा कार्यपालिका गठन हुन्छ जसको मुख्य जिम्मेवारी विधायिकाले निर्माण गरेको ऐन-कानून कार्यान्वयन गर्नु हो। त्यसैले कार्यपालिका संसद्प्रति उत्तरदायी हुन्छ। यसलाई सरलीकरण गर्ने हो भने सरकार संसद्को निर्णय कार्यान्वयन गर्ने एकाइ मात्र हो । यस्तो अवस्थामा सरकारले संविधानमा लेख्दै नलेखिएको, उल्लेख नै नभएको आधार टेकेर माउ संस्था विघटन गर्नु भनेको सन्तानले आमा जन्माउनु सरह हो । यसै सन्दर्भमा प्रधानमन्त्रीले संसद् विघटन गर्नुको कारण उल्लेख गर्दै संसद्ले सहयोग नगरेको र काम गर्न नदिएको आरोप लगाएका छन् । प्रधानमन्त्री ओलीको सरकार बनेदेखि नै सबैभन्दा पहिले गैरआपराधिक अनुसन्धान सङ्गठनलाई प्रधानमन्त्री कार्यालय मातहत राखिएको सबैलाई सम्झना होला नै। मातहत नभएकाहरूलाई समेत प्रभावमा राख्ने कार्य भयो जसको फलस्वरूप ३३ किलो सुन प्रकरण, वाइडबडीलगायत ठूल्ठूला भ्रष्टाचारका काण्डहरूमा न अनुसन्धान भयो न कार बाई नै भयो ।

संसद्कै कुरा गर्ने हो भने सरकारले संसद्मा गुठी, प्रेस काउन्सिल, मानव अधिकार आयोगसम्बन्धी जुन विधेयकहरू ल्यायो त्यसको जनस्तरमैं तथा सम्बद्ध सङ्घ-संस्थाबाट नै व्यापक विरोध भयो र जनचाहना अनुसार सांसदहरूले ती विधेयकमा सरकारलाई साथ दिएनन्। के यो गलती वा असहयोग हो ? कालापानी, लिपुलेक र लिम्पियाधुरा प्रकरणमा सरकारले नयाँ नक्शा प्रस्ताव गर्‍यो जुन अभूतपूर्वरूपमा सर्वसम्मतिबाट पारित भयो । के यो पनि असहयोग नै हो ? बरु संसद्ले कोरोना पिसिआर परीक्षणको मूल्य निर्धारण, मानव अधिकार आयोगको सिफारिशलगायत कोभिड १९ को औषधि खरीद, वाइडबडीजस्ता संवेदनशील मुद्दामा संसद् र संसदीय समितिले दिएको निर्देशन, सुझाव सरकारले मानेको एउटै उदाहरण मेरो स्मृतिमा छैन । रेल, पानीजहाज, घरघरमा ग्याँस पाइपलाइन, सुनखानी र पेट्रोलखानीको कुरा मात्र भयो तर आज कता हरायो कसैलाई स्मरण छैन। विभिन्न सभाहरूमा प्रधानमन्त्री यस अवधिमा थुप्रै विकास भएको कुरा दोहोर्‍याउँछन् तर राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति र उपलब्धि हेर्ने हो भने उदाहरणको लागि हुलाकी सडक, मेलम्ची खानेपानी योजना र विद्युत् आयोजनाहरूको कार्य मूल्याङ्कन नै यथेष्ट हुन्छ । हुलाकी र मेलम्ची अन्तहीन यात्रामा छन् भने विद्युत्मा उत्पादन क्षमता भएर पनि ट्रान्समिसन लाइनको अभावमा भरतबाट करीब ६०० मेगावाट खरीद गरी आपूर्ति भइरहेकोमा थप १०० मेगावाट खरीद गरी आपूर्ति भइरहेको छ। यही हो विकास !

प्रधानमन्त्री ओलीको यस्तो अधिनायकवादी कार्यहरूले गर्दा उनको आफ्नै दल भावनात्मकरूपमा पूरै विभाजित भइसकेको छ । उनीहरूको विरोध प्रदर्शनका साथै नागरिक समाज, कलाकार र युवाहरूले समेत यसमा आफ्नो संलग्नता देखाउँदैछन्। सरकार भने उनीहरूमाथि पानीको फोहोरा र लठ्ठी बजार्दै छ । क्षेत्रीय राजनीतिक अवस्थाको विश्लेषण गर्दा पाकिस्तानमा पनि अस्थिरता नै छ भने भारतमा समेत नागरिकता विधेयकपछिको किसान आन्दोलनले मोदी सरकारलाई पिरोलेको छ। यसै समयमा म्यान्मामा भएको सैनिक कूले सम्पूर्ण विश्वको ध्यन तानेको छ र चीनलगायत अन्य देशहरूको बैठकबाट सर्वसम्मतिले त्यहाँ नागरिक शासन बहाल गर्न आह्वान गरिएको छ। यस्तो अवस्थामा नेपालमा ओली सरकारले समर्थन पाउने कुराको कल्पनासम्म गर्न सकिंदैन। म्यान्मा आन्दोलनको सबैभन्दा रोचक तथ्य त्यहाँका युवाहरूको सहभागिता रहेको छ। युवाहरूले बोकेको एउटा पोस्टर अहिले विश्वभर चर्चाको विषय बनेको छ । यसमा लेखिएको नाराको नेपाली अनुवाद गर्नुभन्दा यसलाई अङ्ग्रेजीमैं राख्नु उचित ठानेको छु । यस पोस्टरमा सैनिक शासकहरूलाई इङ्गित गर्दै- YOU FUCKED WITH WRONG GENERATION लेखिएको छ ।

यो नाराले त्यहाँको युवा पुस्ताको स्वतन्त्रता हरणविरुद्ध विद्रोही सोचको झल्को दिन्छ । यस्तो सोच देशको सीमाभित्रको सङ्कुचित ज्ञानले दिन सक्दैन । यो पक्कै पनि देश बाहिर के हुँदैछ र कसरी हुँदैछ भन्ने कुराको ज्ञानबाट उब्जेको चेतनाबाट मात्र सम्भव हुन सक्छ । नेपालको सन्दर्भमा निर्मला पन्तको हत्याको दोषी पत्ता लगाउने कुरा कता हो कता अब भागरथी भट्टको अपराधी पनि पत्तो लगाउन सक्रियता नदेखिएको आक्रोश सडकमा देखिंदै छ। धेरै सम्भव छ यसमा पनि २-४ जनालाई समातेर छानबीन गरेको देखाउँदै पछि निर्मलाकै बाटो लगियोस् । तर यस पालिको काठमाडौंका युवाहरूको जुलूसको एउटा पोस्टरले मान्माको पोस्टर जतिकै चेतावनी र बौद्धिकता दुवै बोकेको छ । त्यो पोस्टरमा 'योनिमा मृत्युको भय लिएर कहिलेसम्म बाँच्ने ?' भनी प्रश्न गरिएको छ । यो भनाइलाई YOU FUCKED WITH WRONG GENERATION भन्ने बर्मेली पोस्टरसँग तुलना गर्दा मलाई दुवै देशका युवाहरूको राजनीतिक स्वतन्त्रताप्रतिको संवेदना बराबर भएजस्तो लाग्छ । अहिले भइरहेको आन्दोलनको अर्को विचारोत्तेजक कुरामा त्यसै पुस्ताको सहभागिता रहेको छ ।

प्रचण्ड-नेपाल समूहको आन्दोलन राजनैतिक सत्ता प्राप्तिका लागि नै भए पनि नेपालका प्रबुद्ध नागरिक समाज, लेखक, कलाकारहरू प्रजातन्त्र स्थापनाको लागि १९९० सालदेखि नै लडेको पुस्ता हो । राजनीतिमा प्रत्यक्ष सहभागी वा संलग्नता भएको युवा पुस्ता भने सामाजिक सञ्जाल चलाउने, देश विदेशमा अध्ययन र रोजगार गरी फर्केको समूह हो जो आफ्नो भविष्यप्रति चिन्तित छ । त्यसैगरी महिलाहरूसमेत आफ्नो हक र समान व्यवहारका लागि सहभागी भएका छन्। यिनको सहभागिता ओलीको अधिनायकवादविरुद्ध मात्र होइन, त्यसको विरोध गर्ने राजनीति शक्तिका लागि आगामी दिन कस्तो हुनुपर्छ भनेर चेत खुलाउने सन्देश पनि हो। ढिलोचाँडो ओलीतन्त्रको समाप्ति त निश्चित नै छ, तर सत्ताको लागि आन्दोलन गर्ने दलहरूले अब पनि आजको पुस्ताको यो भाव बुझ्न सकेनन् भने यो आगो निभ्ने सङ्केत देखा पर्दैन। किनभने यो अधिनायकवादविरुद्ध अमेरिकी राष्ट्रपति ट्रम्पको पराजयसँगै शुरू भएको चौथो विश्वव्यापी प्रजातन्त्र, स्वतन्त्रता र सम्मानको लागि भएको आन्दोलन हो । यसमा अन्तर्निहित अर्थ बुझ्दै यसलाई साथ र समर्थन दिनु अत्यन्त आवश्यक छ ।

# नगरप्रमुख सरावगीद्वारा सरस्वतीमन्दिर शिलान्यास

प्रस, वीरगंज, ४ फागुन/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले वसन्तपञ्चमीको अवसरमा सरस्वतीमन्दिर निर्माणस्थलको शिलान्यास गरेका छन्। वीरगंज महानगरपालिका वडा नं ९ रेलवे माविमा मङ्गलवार सरस्वतीमन्दिर शिलान्यास गरिएको हो ।

कार्यक्रममा नगरप्रमुख सरावगीसहित वडा नं ९ का अध्यक्ष मनोज कलवार, विद्यालयका शिक्षकशिक्षिका, व्यवस्थापन समितिका पदाधिकारी, विद्यार्थी लगायतको सहभागिता थियो ।



तस्वर: प्रतीक   तस्वीर: सौजन्य

# मिथिलाञ्चलमा हलोगोरु पूजा सम्पन्न

प्रस, महोत्तरी, ४ फागुन/

श्रीपञ्चमीका अवसरमा महोत्तरी जिल्लासहित मिथिलाञ्चल क्षेत्रका किसानले हलो र गोरुको पूजा गरेका छन् । परम्परागतरूपमा मिथिलाञ्चलभरिका किसानले श्रीपञ्चमीको दिनलाई कृषि कार्यको सुरुआत मान्दै आएका छन् ।

आँगनमा गाईको गोबरले लिपपोत गरेर फूलमाला, अक्षता, अबिर, चामल, लड्डुलगायत वस्तुहरूसहित हलो राखेर पूजाआजा गरिन्छ । साथै घरबाहिर गोरुलाई नुहाइ नयाँ रङ्गीचङ्गी डोरी लगाएर तिनको पूजा गरिन्छ ।

किसानले हलो र गोरुको पूजा गरिसकेपछि नजीकैको खेतमा लगेर आज एकछिन जोत्ने गर्छन् ।



गोरुको पूजा गर्दै । तस्वीर: फाइल

श्रीपञ्चमीका दिन धेरै किसानले नयाँ किनेको गोरुबाट पहिलोपटक खेत जोत्ने गर्छन् । उनीहरूले हलोमा धार लगाउने, कोदालो धारिलो पार्ने तथा हँसिया र खुर्पासहितका कृषि औजारलाई नयाँ धार लगाएर एकछिन प्रयोगमा ल्याउने गर्छन् ।

श्रीपञ्चमीको अवसरमा किसानले अरवा चामलमा सख्खर मिलाएर प्रसाद तयार पारेका हुन्छन् । हलो र गोरुको पूजा गरिसकेपछि हलो जोत्ने, एकापसमा अबिर दल्ने तथा प्रसाद वितरण गरेर पूजा सम्पन्न गर्छन् । मिथिलाञ्चलका किसान आजका दिनबाट आफ्नो खेतीपाती शुरू भएको विश्वास गर्छन् । त्यसैले आजैका दिनबाट आआफ्नो बाँझो

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# ठोरीका सामुदायिक तथा निजी विद्यालयमा धूमधामका साथ सरस्वतीपूजा सम्पन्न

प्रस, ठोरी, ४ फागुन/

विद्याकी प्रतिमूर्ति सरस्वती माताको पूजाको अवसरमा ठोरी गाउँपालिकामा रहेका सामुदायिक तथा निजी विद्यालयहरूमा धूमधामका साथ सरस्वतीपूजा सम्पन्न भएको छ। ठोरीमा रहेका २१ वटै सामुदायिक विद्यालयले गरेका थिए। ठोरी–१ मा रहेको नेपाल राष्ट्रिय प्राविधिक मावि दीपकनगरमा सांस्कृतिक कार्यक्रम गरी सरस्वतीपूजा सम्पन्न गरिएको छ। विव्यसका अध्यक्ष कमलविक्रम तिमल्सिनाको सभापतित्वमा सम्पन्न सांस्कृतिक कार्यक्रममा वडाध्यक्ष रामप्रकाश कुँवर, शिक्षाप्रेमी, पदाधिकारी, शिक्षक/कर्मचारी, अभिभावक तथा विद्यार्थीहरूको सहभागितामा कार्यक्रम सम्पन्न भएको प्रअ रेग्मीले जानकारी दिए।

ठोरी–३ मा रहेको नेपाल राष्ट्रिय मावि ओडरले पनि सरस्वतीपूजा सम्पन्न गरी सांस्कृतिक कार्यक्रमको आयोजना





धार्मिक अनुष्ठानसमेत गरी अधिष्ठात्री देवी सरस्वतीको पूजनोत्सव मनाइएको नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले जानकारी दिए। आजको दिनलाई अक्षर आरम्भको दिनको रूपमा हेरिने, बालबालिकाहरूको नाक/कान छेड्ने र विद्यालयहरूले भर्ना अभियानसमेत सुरुआत गर्ने गरेकाले शिक्षाको क्षेत्रमा आजको दिनको महत्त्व निकै रहेको छ।

यसैबीच, ठोरीमा रहेका ६ वटै माध्यमिक विद्यालयले सरस्वती पूजनोत्सवपछि सांस्कृतिक कार्यक्रम शिक्षक/कर्मचारी, अभिभावक तथा विद्यार्थीहरूको उल्लेख्य सहभागितामा सांस्कृतिक कार्यक्रमसहित सरस्वतीपूजा सम्पन्न गरिएको विव्यसका अध्यक्ष तिमल्सिनाले जानकारी दिए।

ठोरी–२ मा रहेको सरस्वती माविले पनि भव्यताका साथ सरस्वती पूजनोत्सव सम्पन्न गरी सांस्कृतिक कार्यक्रमको आयोजना गरेको विद्यालयका प्रधानाध्यापक केशवप्रसाद रेग्मीले जानकारी दिए। सरस्वतीपूजा समितिका अध्यक्ष विजय तामाङको अध्यक्षतामा सम्पन्न सांस्कृतिक कार्यक्रममा विव्यसका गरेको थियो।

विव्यसका अध्यक्ष बलबहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न सांस्कृतिक कार्यक्रममा पूर्वअध्यक्षहरू, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, शिक्षक/कर्मचारी, विद्यार्थी, अभिभावकहरूको उत्साहपूर्ण उपस्थितिमा सांस्कृतिक कार्यक्रम समापन गरिएको ठोरी गाउँपालिकाका शिक्षा संयोजकसमेत रहेका विद्यालयका प्रअ भुपालकुमार जोशीले जानकारी दिए।

वडा नं ४ मा रहेको श्री मावि विजयबस्तीले पनि सरस्वतीपूजा सम्पन्न गरेको छ। विद्यालयमा रहेको सरस्वती मन्दिरको पुनर्निर्माण गरी सरस्वतीपूजा सम्पन्न गरिएको विद्यालयका प्रअ नारायण लामाले जानकारी दिए। मन्दिरको पुनर्निर्माणको लागि विद्यार्थीहरूले सरस्वतीपूजाको निम्ति सङ्कलन गरेको रकम तथा विद्यालयको कोषको संयुक्त लगानीमा मन्दिरको पुनर्निर्माण गरिएको प्रअ लामाले जानकारी दिए। मन्दिर पुनर्निर्माणमा

(बाँकी चौथो पातामा)

# सरस्वतीपूजाको अवसरमा मुख्यमन्त्री गद्दीद्वारा शुभकामना

प्रस, जनकपुरधाम, ४ फागुन/

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबूराउत गद्दीले सरस्वतीपूजाको अवसरमा विज्ञप्ति प्रकाशित गरी शुभकामना व्यक्त गरेका छन्।

वैदिककालदेखि ज्ञानको ज्योतिको रूपमा सरस्वतीपूजा गरिंदै आएको उल्लेख गर्दै मुख्यमन्त्री गद्दीले स्रष्टा, सर्जक, साहित्य र कला क्षेत्रका साधक तथा ज्ञान अध्येताहरू आआफ्ना विद्यामा थप ऊर्जा प्रदान गरून् भन्ने कामना गरेका छन्।

मङ्गलवार जारी विज्ञप्तिमा शिक्षाको क्षेत्रमा पछि परेका वर्ग र समुदायलाई शिक्षा ग्रहण गर्न प्रेरित गरून् भन्ने कामना पनि गरिएको छ।

**सरस्वतीपूजा धूमधाम साथ मनाइयो**

प्रस, जनकपुरधाम/

वसन्त ऋतुको आगमनका साथ विद्याकी अधिष्ठात्रीदेवी सरस्वतीको मङ्गलवार बिहानैदेखि पूजापाठ भएको छ। ज्ञान, बुद्धि र विवेकका लागि श्रद्धाका साथ जनकपुरधामलगायत २ नं प्रदेशका विभिन्न ठाउँका साथै घरघरमा विद्यार्थीका साथै कलमजीवीहरूले सरस्वतीको अपार श्रद्धाका साथ पूजापाठ गरे।

धार्मिक एवं सांस्कृतिक पर्वका रूपमा मनाइने वसन्तपञ्चमीका अवसरमा सरस्वती मन्दिरका साथै विभिन्न टोलमा माटोको कलात्मक मूर्तिमा विधिवत्‌रूपमा भक्तजनले प्राणप्रतिष्ठा गरी उत्साह एवं उल्लासमय वातावरणमा पूजापाठ गरेका थिए।

सरस्वतीपूजाका दिन विद्यार्थीहरूले बिहानै स्नान गरी आआफ्नो घरमा पुस्तक र कलमको पूजा गर्ने गर्छन्। पूजामा बुनिया, केसौर, बयर, शखरखण्ड र सुन्तला अनिवार्यरूपमा प्रसादका रूपमा चढाउने गरिन्छ।

हिन्दूको धार्मिकग्रन्थ पुराणमा उल्लेख गरिए अनुसार माघ शुक्लपञ्चमी तिथिका दिन ब्रह्माले सृष्टि गर्नेक्रममा

(बाँकी चौथो पातामा)

# 'धूवाँ चुल्होमुक्त अभियान' जारी रहने

प्रस, रौतहट, ४ फागुन/

शहरी विकासमन्त्री प्रभु साहले रौतहटमा 'धूवाँ चुल्होमुक्त अभियान' जारी रहने बताएका छन्।

सो अभियान अन्तर्गत मङ्गलवार जिल्लाको गुजरा नगरपालिकाको वडा नं ८ र ९ मा ७५० घरपरिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरियो।

सिलिन्डर र चुल्हो वितरणको क्रममा मन्त्री साहले या अभियान जारी रहने उद्घोष गरे।

रौतहट निर्वाचन क्षेत्र नं ३ मा पर्ने गुजरा नगरपालिकाको वडा नं ८ को जुगौलियामा २१४, देवीपुरमा ६२ र पिपरामा ९५ घरपरिवारलाई सिलिन्डर र चुल्हो वितरण गरिएको थियो।

त्यसैगरी वडा नं ९ को दयालपुरमा १४०, अमतवामा १३० र अमतवा चौधरी टोलमा १३० घरपरिवारलाई सिलिन्डर र चुल्हो वितरण गरिएको थियो।

योसँगै अब गुजरा नगरपालिका पनि धूवाँ चुल्होमुक्त नगर बन्ने क्रममा रहेको मन्त्री साहले बताए।

कार्यक्रममा प्रदेश २ का सांसद कुन्दन कुशवाहा, मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साह, नेकपा प्रदेश कमिटी सदस्य त्रिभुवन साह, गुजरा नगर कमिटी अध्यक्ष पलट चौधरी, चन्देश्वर बैठा, विजय यादवलगायतको सहभागिता थियो।

निर्वाचन क्षेत्र नं ३ मन्त्री साहको गृह क्षेत्र हो।

# पत्नी मृतावस्थामा, पति फरार

प्रस, जनकपुरधाम, ४ फागुन/

धनुषाको कमला नगरपालिकामा मङ्गलवार एकजना महिला मृत अवस्थामा फेला परेकी छन्। कमला नगरपालिका–२ माचिझिटकैयामा अन्दाजी ३५ वर्षकी सङ्गीतादेवी गडेरी राउत मृत अवस्थामा फेला परेको प्रहरीले बताएको छ।

उनी बिहानै घरनजीकैको खेतमा मृतावस्थामा फेला परेको इलाका प्रहरी कार्यालय खजुरीका प्रहरी निरीक्षक हिरेन्द्र रोकायाले बताए। मृतक महिलाको घाँटीमा नीलडाम छ।

मृतक महिला खुशीलाल गडेरीका जेठी पत्नी हुन्। सङ्गीताको शव फेला परेपछि उनका पति खुशीलाल फरार भएको प्रनि रोकायाले बताए। "घटना शङ्कास्पद देखिएको छ," रोकायाले भने, "घटनाको विषयमा प्रहरीले अनुसन्धान शुरू गरेको छ।"

मृतक महिलाको शव शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ। शल्यपरीक्षणको रिपोर्ट आएपछि अन्य कुरा खुल्ने प्रनि रोकायाले बताए।

# मध्यदेशीय साहित्य सङ्घ गठन

प्रस, सप्तरी, ४ फागुन/

सप्तरीमा मध्यदेशीय साहित्य सङ्घ गठन भएको छ।

मध्यदेशीय भाषा, संस्कृति र साहित्यको संरक्षण एवं संवर्धन गर्ने उद्देश्य लिएर सङ्घ गठन भएको सहभागीहरूले बताएका छन्।

राजविराजमा मङ्गलवार आयोजित लेखक एवं साहित्यकारहरूको एक भेलाले लेखक उपेन्द्र झा अध्यक्ष रहेको ७ सदस्यीय सङ्घ गठन गरेको हो।

सङ्घको उपाध्यक्ष सन्तोषकुमार चौधरी, महासचिव अजयकुमार झा र सचिवमा ध्रुवकुमार मण्डल चयन भएका छन्। सदस्यहरूमा श्यामसुन्दर यादव, विद्यासागर साह र मालाकुमारी कर्ण चयन भएका छन्।

मध्यदेशीय भाषा, संस्कृति र साहित्यको अध्ययन, अनुसन्धान, सङ्ग्रह, एवं प्रकाशन गर्ने, मध्यदेशीय भाषा एवं संस्कृतिका लेखकहरूलाई सङ्गठित गर्दै उनीहरूको हकहितको संरक्षण गर्ने र साहित्य एवं सांस्कृतिक गतिविधिको आयोजना गर्ने सङ्घका महासचिव झाले बताए।

हिमालय पर्वत तथा गङ्गा नदीको बीचको भूभाग प्राचीन मध्यदेश अनेकौं भाषा र संस्कृतिको जननी भएको भन्दै झाले भने, "मध्यदेशीय भाषा, संस्कृति र साहित्यको संरक्षण एवं संवर्धन समयको माग हो। यसै सोचबाट उत्प्रेरित भएर हामी मध्यदेशीय साहित्य सङ्घको नाम र रूपले सङ्गठित भएका छौं।"

# काङ्ग्रेस नेता श्रेष्ठको निधन

प्रस, पर्सागढी, ४ फागुन/

ठोरी गाउँपालिका वडा नं ४ मा नेपाली काङ्ग्रेसतर्फबाट अध्यक्षको उम्मेदवार रहेका वर्ष ५५ का केशरबहादुर श्रेष्ठको गएराति भरतपुर क्यान्सर अस्पतालमा मृत्यु भएको छ।

श्रेष्ठ लामो समयदेखि क्यान्सर रोगले पीडित थिए। उनको हिन्दू परम्परा अनुसार बाघमोर्चा खोलामा दाहसंस्कार गरिएको थियो।

दाहसंस्कारअघि उनको शवमा नेपाली काङ्ग्रेस पर्साका सभापति अजय द्विवेदी, क्षेत्रीय सभापति श्रीकान्त यादव, जिल्ला सदस्य रामबहादुर श्रेष्ठलगायतले नेपाली काङ्ग्रेसको झन्डा ओढाइ श्रद्धाञ्जलि अर्पण गरेका थिए।

# कलैयामा धर्मशाला शिलान्यास

प्रस, बारा, ४ फागुन/

बाराको कलैया उपमहानगरपालिका–१ मा धर्मशाला शिलान्यास गरिएको छ। कलैया उपमहानगरपालिकाले राजदेवी मन्दिर परिसरमा बनाउन लागेको धर्मशालाको शिलान्यास गरिएको हो। धर्मशालाको मङ्गलवार नगरप्रमुख राजेशराय यादवले शिलान्यास गरेका हुन्। एक तले धर्मशाला बनाउनका लागि कलैया उपमहानगरपालिकाले नगरस्तरीय योजना अन्तर्गत २० लाख रुपैयाँ बजेट विनियोजन गरेको नगरप्रमुख यादवले बताए। उपभोक्ता समितिमार्फत धर्मशाला निर्माण गर्न लागिएको हो।

धर्मशाला निर्माण उपभोक्ता समितिका अध्यक्ष सुरेशकुमार साहले असार मसान्तभित्रै काम सक्ने प्रतिबद्धता जनाएका छन्।








पर्सा जिल्लाका विभिन्न विद्यालयमा सरस्वती पूजा मनाइँदै। तस्वीर: प्रतीक

# जडीबुटीद्वारा स्वास्थ्य संरक्षण

**जीवेम शरदः शतम्**

**यो औषधि कायाकल्प योगको एउटा प्रमुख औषधि मानिन्छ। यसको कल्प पनि गरिन्छ र यस्तो मानिन्छ कि यसको निरन्तर उपयोग अमृतासरह जरालाई थोरै पनि समीप आउन दिंदैन।**

**२०. अश्वगन्धा (विदेनिया साम्निफेरा)**

**आधुनिक मत एवं वैज्ञानिक प्रयोगको निष्कर्ष–** अश्वगन्धामाथि सर्वाधिक महत्त्वपूर्ण कार्य भारतको चेन्नईमा डा कप्पु राजन आदिद्वारा गरिएको थियो। जनरल अफ रिसर्च इन आयुर्वेद एन्ड सिद्धाको अनुसार (जून १९८०) ५० देखि ५९ वर्षका १०१ मानिसमाथि यस औषधि चूर्णरूपमा प्रयोग गर्दा आयु बढेको थियो। प्रत्येक व्यक्तिलाई एक वर्षसम्म प्रतिदिन एक/एक ग्राम असगन्ध मूल चूर्ण दिनमा तीनपटक दूधसँग दिइन्छ। कन्ट्रोल वर्गको तुलनामा अश्वगन्धा ग्रहण गर्ने व्यक्तिमा हेमोग्लोबिन, रातो रक्त कणको सङ्ख्या र कपालको कालोपन बढेको थियो। जसको कमर झुक्थ्यो–उनीहरू उभिने सके र सन्धिमा लचिलोपन आयो। यसको सीरम कोलेस्ट्रोल (रक्तमा घुलनशील बोसो) घटेको थियो तथा रक्त कण बस्ने गति (इरिथ्रोसाइट सेन्टिमेन्टेशन रेट इएसआर) पनि कम भयो। अध्ययनको निष्कर्ष बताउँदै वैज्ञानिकले भनेका छन्– यो औषधि वृहणीय (मांस–मेद बढाउने) तथा रसायन (सप्तधातु पोषक) हो।

अश्वगन्धा एक प्रकारको हिमेटिनिक (रक्त लोह बढाउने) पनि हो। यसमा प्रतिसय ग्राम ७८९.४ मिलिग्राम फलाम पाइन्छ। यो अन्य बिरुवाको जरामा पाइने फलामभन्दा धेरै बढी हो। फलामको अतिरिक्त अश्वगन्धाको जरामा प्रचुर मात्रामा वेलिन, टायरोसिन, प्रेलिन, एलेनिन तथा ग्लाइसिन आदि अमिनो अम्ल मुक्तावस्थामा पाइन्छ। फलामको साथै मुक्त अमिनो अम्ल पनि पाइनुले यसलाई राम्रो हिमेटिनिक टनिक बनाउँछ।

**प्रयोज्य अङ्ग–** जड मुख्यतः प्रयुक्त हुन्छ। पात पनि कहींकतै प्रयोग गरिन्छ। यसको बीउ विषालु हुन्छ।

मात्रा

(१) मूल चूर्ण– १ देखि ३ ग्राम एकपटकमा।

(२) क्षार– १ देखि ३ ग्राम एकपटकमा।

(३) घृत– (जडको क्वाथ+समान भाग मक्खन+दश गुना गौदुग्धलाई उमालेपछि) २ चम्चा बिहान सधैं।

(४) पाक– (एक किलो असगन्ध जौ कुट+२० किलो पानीलाई उमालेर दुई किलो बाँकी रहेपछि छान्नुपर्छ। यसमा दुई किलो शक्कर मिलाएर पकाएपछि पाक चास्नीसरह तयार हुन्छ। बच्चालाई एक चम्चा बिहान र साँझ तथा ठूलाबडालाई दुई गुना मात्रामा दिंदा बलवर्धन गर्छ।

**निर्धारण अनुसार प्रयोग–** चक्रदत्त संहितामा विद्वान् चिकित्सक लेख्छन्–

पीताश्वगंधा पयसार्धमांस घृतेन तैलेन सुखाम्बुना वा।

कृशस्य पुष्टि वपुषो विधत्ते वालस्य सस्यस्य यथाम्बुवृष्टिः॥

मूलतः अश्वगन्धा कृशकाय रोगी, सुक्खा रोगबाट ग्रस्त बच्चा र व्याधि उपरान्त कमजोरमा, शारीरिक, मानसिक थकानमा पुष्टिकारक, बलवर्धकको नाताले प्रयुक्त हुन्छ।

यकृतमा वसा कोशिकाको अनाधिकार विस्तार (फैटिइन्फिल्ट्रेशन)बाट हुने कुपोषण, बुढेसकालको कमजोरी, मांसपेशीको कमजोरी, थकान, रोगपछि कृशता आदिमा असगन्ध मूलचूर्ण अथवा घृत वा पाक निर्धारित मात्रामा सेवन गराउनुपर्छ। मूल चूर्णलाई दूधको अनुपानसँग दिइन्छ।

क्षयरोगमा अन्य जीवाणुनाशी औषधिको साथ बल्यको रूपमा मूलचूर्णलाई गोघृत वा मिश्रीसँग दिइन्छ। गर्भवती महिलालाई तीन महीना बल संवर्धनको लागि मूल क्वाथमा चौगुना घृत मिलाएर पाक बनाएर सेवन गराइन्छ।

लगातार एक वर्ष सेवनबाट शरीरको सम्पूर्ण विकार बाहिर निस्किन्छ– समग्रशोधन भएर दुर्बलता टाढा हुन्छ र जीवनीशक्ति बढ्छ। यो औषधि कायाकल्प योगको एउटा प्रमुख औषधि मानिन्छ। यसको कल्प पनि गरिन्छ र यस्तो मानिन्छ कि यसको निरन्तर उपयोग अमृतासरह जरालाई थोरै पनि समीप आउन दिंदैन।

मङ्सिर, पुस महीनामा यसको सेवन विशेष लाभकारी हुन्छ।

**अन्य उपयोग–** कफ, वात शामक तथा वेदना संशामक भएकोले यो नाडी संस्थानको रोगमा पनि प्रयुक्त हुन्छ। मूलबाट सिद्ध तेल वात, व्याधिमा जोर्नीमा तथा थाइराइड वा ग्रन्थिहरू वृद्धिमा पातको लेप गर्दा पनि लाभ हुन्छ। यो निद्रा ल्याउने एउटा श्रेष्ठ हिप्नोटिक हो। रक्तचाप र शोथलाई कम गर्छ। श्वास रोगमा पनि असगन्ध क्षार अथवा चूर्णलाई मधु वा घ्यूसँग दिने प्रावधान छ। शुक्र दौर्बल्य प्रदर, योनि शूलमा उपयोगी हुन्छ। वाल शोष, क्षयरोग, जीर्ण व्याधि यथा क्यान्सरबाट सामान्य दुर्बलता निवारण तथा वेदना टाढा गर्न पनि यसलाई दिइन्छ। जीवकोषमा आफ्नो प्रभावको कारण यो वर्ण विकार तथा कुष्ठरोगमा पनि केही प्रभाव राख्छ, यस्तो मत छ।

मूलतः यो औषधि रसायन–वल्य हो। यसको प्रयोग गरेर निश्चित नै दीर्घायुष्यलाई प्राप्त गर्न सम्भव छ। एजिङ (वार्धक्य)मा यस औषधिको शोध आगामी दिनमा गरिंदा शास्त्रका ती सबै अभिमत सफल सिद्ध हुनेछ, जसमा यसलाई जरा निवारक बताइएको छ।

एजिङसम्बन्धी रोग तथा क्रोनिक आव्सट्रक्टिभ लङ डिजिज (सिओएलडी) डिजेनरेटिभ रोग, क्यान्सर प्रिकार्सिनोमेट्स परिस्थिति (गैस्ट्राइटिस, फ्लमर विल्सन सिन्ड्रोम) आदिमा सम्भवतः आगामी दिनमा यसको महत्त्वपूर्ण भूमिका सिद्ध हुन्छ। यदि यस्तो भयो भने यो एउटा अति फलदायी शोध हुनेछ। समाप्त






## फरक समाचार

# एक वर्षमा १० बट्टा चुरोट पिउनेलाई पनि ब्रेन स्ट्रोकको खतरा

धुम्रपानमाथि भएको नयाँ अनुसन्धान अनुसार यदि तपाईं वर्षमा १० बट्टा चुरोट पिउनुहुन्छ भने ब्रेन स्ट्रोकको खतरा २७ प्रतिशतसम्म रहन्छ। स्ट्रोक जर्नलमा प्रकाशित अनुसन्धान अनुसार ४० देखि ६९ वर्ष उमेरका ४ लाख व्यक्तिको जेनेटिक तथ्याङ्क जम्मा गरिएको थियो। अमेरिकाको केएल स्कूल अफ




मेडिसिनमा भएको यस रिसर्चमा यो साबित भएको छ कि स्ट्रोक र धुम्रपानबीच सीधा सम्पर्क हुन्छ।

धुम्रपानले मस्तिष्कसम्म रक्त पुऱ्याउने धमनी क्षतिग्रस्त भएपछि ब्रेन स्ट्रोकको सम्भावना हुन्छ। धमनीमा अवरुद्ध भएपछि मस्तिष्कसम्म रगत, आक्सिजन पुग्न सक्दैन। अमेरिकाको सबैभन्दा ठूलो स्वास्थ्य एजेन्सी सिडिसीका अनुसार आक्सिजन नपुगेपछि ब्रेनका कोशिका केही मिनेटमैं नष्ट हुन थाल्छन् र यस प्रकार बिरामी ब्रेन स्ट्रोकबाट ग्रसित हुन्छ।

विज्ञ अनुसार हात, अनुहार र खुट्टाको एकातर्फ भाग सुन्न हुनु स्ट्रोकको एउटा ठूलो लक्षण हो। यसको अलावा आवाज स्पष्ट ननिस्किनु, हेर्न समस्या, चक्कर लाग्नु र अचानक टाउको दुख्नु पनि यसको लक्षण हो। यस्तो लक्षण नदेखिए पनि तत्काल बिरामीलाई अस्पताल लैजानुपर्छ। तसर्थ यी पाँचवटा कुरा ध्यानमा राख्दा ब्रेन स्ट्रोकको खतरा कम हुन्छ।

**रक्तचाप नियन्त्रणः** यदि तपाईंको परिवारको सदस्य स्ट्रोकबाट ग्रसित भइसकेका छन् भने सचेत हुनुपर्छ। यस्तो मामिला अघिल्लो पीढीमा पनि देखिन्छ। विशेषगरी रक्तचाप नियन्त्रणमा राख्नुपर्छ।

**बुजुर्गको मामिला बढीः** अनुसन्धान अनुसार स्ट्रोक सबैभन्दा बढी बुजुर्गमा देखिएको छ। तसर्थ खानपानमा ध्यान दिने, बढी तेल र मसाला भएको खाना खानुहुँदैन।

**यी रोगले खतरा बढाउँछः** उच्च कोलेस्ट्रोल, मुटुरोग र मधुमेहका बिरामीमा स्ट्रोकको आशङ्का बढी रहन्छ। यसैले ब्लड सुगर, रक्तचाप र मोटोपन नियन्त्रणमा राख्नुपर्छ।

**खानपानः** खानपानमा तरकारी र कम मीठो फल सेवन गर्नुपर्छ। अनुसन्धानले स्पष्ट गरिसकेको छ कि तरकारी र फलले स्ट्रोक र मुटुरोगको खतरा कम गर्छ।

**चुरोट, रक्सीः** सुर्ती वा यसबाट बनेका उत्पाद जस्तै चुरोट आदिले ब्रेन स्ट्रोक, मुटु, फोक्सो र प्याङ्क्रियाजमा असर गर्छ। क्यान्सरको कारण पनि यही हो। साथै रक्सी पनि सेवन गर्नुहुँदैन।

# यी ५ ठाउँमा छैन गुरुत्वाकर्षण

संसारमा रहस्यमयी ठाउँ थुप्रै छन्। गुरुत्वाकर्षणविना धर्तीमा जीवन सम्भव छैन। तर धर्तीमा यस्ता पनि ठाउँ छन्, जहाँ गुरुत्वाकर्षण बलले काम गर्दैन।

**सेन्ट इग्नास मिस्ट्री स्पट, मिशिगनः** अमेरिकाको मिशिगनमा रहेको यो ठाउँको खोज सन् १९५० मा भएको थियो। एक समूहले जब यो ठाउँको जाँच गर्न पुगे, तब उनीहरूको सम्पूर्ण उपकरण बन्द भयो। धेरै दिनको जाँचपछि पत्ता



लाग्यो कि यहाँ ३ सय वर्गफिट क्षेत्रमा गुरुत्वाकर्षण बलले काम गर्दैन। यस ठाउँमा उभिंदा अन्तरिक्ष यानमा उभिएजस्तो महसूस हुन्छ।

**स्पुक हिल, फ्लोरिडाः** अमेरिकाको फ्लोरिडामा रहेको यो स्थानमा गुरुत्वाकर्षण बल कम छ। सामान्यतयाः गाडी ढलानको दिशामा विना कुनै सहाराले स्वतः चल्छ तर यहाँ ठीक उल्टो हुन्छ। यदि तपाईंले कारलाई बन्द गर्नुभएको छ भने कार स्वतः ढलानको विपरीत दिशातर्फ गुड्न थाल्छ।

**मिस्ट्री स्पट, सान्ता क्रूज, क्यालिफोर्नियाः** यो ठाउँको खोज सन् १९३९ मा भएको थियो। खोजकर्ताले त्यति बेला यहाँ कुनै रहस्यमयी शक्ति लुकेको बताएका थिए तर पछि यस स्थानको १५० वर्गफिटको एउटा गोलाकार क्षेत्रमा गुरुत्वाकर्षण बलले काम गर्दैन। यहाँ पानी तलबाट माथितर्फ बग्छ। साथै व्यक्ति यहाँ नखसीकन कुनै पनि कोणमा उभिन सक्छ।

**मैग्नेटिक हिल, लेहः** भारतमा रहेको यो स्थान फ्लोरिडाको स्पुक हिलसरह छ। यहाँ गाडी विनाकुनै सहाराले माथितर्फ २० किलोमिटर प्रतिघण्टाको गतिले गुड्न थाल्छ। यस रहस्यमय ठाउँलाई लद्दाखको मैग्नेटिक हिल पनि भनिन्छ।

**कसमस मिस्ट्री एरिया, रैपिडी सिटीः** अमेरिकाको दक्षिणी डकोटामा रहेको यस रहस्यमय ठाउँमा विचित्रको रूख देख्न सकिन्छ। रूख अनौठो तरीकाले झुकेको छ। यस ठाउँमा पुग्दा आफ्नो वजन निकै कम भएको महसूस हुन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# ३ 'ज' अभियान मङ्गलवार पर्सागढी नगरपालिकामा

प्रस, सेढवा, ४ फागुन/

"अरूको लागि लड्यौं सयौंपटक, अब आफ्नोलागि लडौं अन्तिमपटक" नारासहित भेला एवं अन्तर्क्रिया ३ 'ज' अभियान मङ्गलवार पर्सागढी नगरपालिकामा सम्पन्न भएको छ।

थारू कल्याणकारी समिति, थरुहट र थारुवान संयुक्त सङ्घर्ष समिति, जिल्ला संयोजन समिति पर्साको आयोजनामा वडा कार्यालय बागवन्नामा सो कार्यक्रम सम्पन्न भएको हो। थारू कल्याणकारी समिति पर्साका कार्यवाहक अध्यक्ष ठाकुरप्रसाद महतोको सभापतित्व तथा सङ्घर्ष समितिका केन्द्रीय सदस्य तथा पूर्वसांसद रूक्मिणी चौधरीको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो।




कार्यक्रममा थारू जनसङ्ख्याको आधारमा देशको चौथो बढी जनसङ्ख्या भएपनि काङ्ग्रेस, नेकपा तथा मधेसवादी दलमा छैटौं स्थानमा प्रतिनिधित्व दिने गरेको वक्ताहरूले बताए।

देशको राजनीतिक अवस्थामा थारू समुदाय निकै कमजोर भएकोले दलभन्दा थारूलाई समर्थन गर्न वक्ताहरूले आग्रह गरेका थिए।

कार्यक्रममा पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरी, थरुहट थारुवान संयुक्त सङ्घर्ष समितिका केन्द्रीय सदस्य किशोरकुमार विश्वास, केन्द्रीय सदस्य गीता चौधरी, थारू कल्याणकारी समितिका केन्द्रीय पार्षद् बृजमोहन चौधरी, पटेर्वासुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, पर्सागढी नगरपालिकाकी उपप्रमुख अर्चना चौधरीले मन्तव्य व्यक्त गरेका थिए।

## सरस्वतीपूजाको अवसर....

आह्वान गरेपछि सरस्वती अवतरित भएको विश्वास गरिन्छ। माघ शुक्लपञ्चमी तिथिका दिन विद्यार्थी, कर्मचारीका साथै कलमजीवीहरू यो पर्वलाई उत्सवका रूपमा मनाउने गर्छन्। यस दिन ज्ञान, बुद्धि र उन्नतिका लागि बालबालिकालाई अक्षराम्भ पनि गराइन्छ। शिशुको अन्नप्रासनसमेत विधिपूर्वक गराइन्छ।

सरस्वतीपूजाको दिनमा विवाह, नयाँ भवनमा बासलगायत शुभ कार्यका लागि साइत हेर्नु नपर्ने मान्यता छ।

## ठोरीका सामुदायिक....

लागेको रकममध्ये ५० प्रतिशत विद्यार्थीबाट र बाँकी ५० प्रतिशत विद्यालयले बेहोरेको प्रअ लामाले जानकारी दिए।

आजको सरस्वतीपूजापश्चात् विद्यालयले प्रतियोगितात्मक नृत्य प्रतियोगिता सम्पन्न गरेको थियो।

साँझसम्म भएको प्रतियोगितामा विजेताहरूको नाम आगामी शुक्रवार घोषणा गरी पुरस्कार वितरण गरिने प्रअ लामाले बताए।

विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूद्वारा स्वनिर्मित मायाको चिनोबाट शिक्षक तथा कर्मचारीलाई सम्मानसमेत गरिएको प्रअ लामाले जानकारी दिए।

ठोरी–५ स्थित ज्ञानवाटिका माविले सरस्वतीपूजाको अवसरमा सांस्कृतिक कार्यक्रम गरी भव्यताका साथ सरस्वती पूजनोत्सव सम्पन्न गरेको प्रअ सोमबहादुर दोङले जानकारी दिए।

ठोरी क्षेत्रमा रहेका सबै निजी विद्यालयले सरस्वतीपूजा सम्पन्न गरी केही विद्यालयले सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको थियो।

## मिथिलाञ्चलमा हलोगोरु...

खेतबारीसमेत जोत्न शुभारम्भ गर्छन्। हलोगोरु पूजाका अवसरमा गाउँगाउँमा सयौं गोरु एकैसाथ कुदिरहेको तथा किसानको काँधमा हलो लहरैरूपमा राखेर गइरहेको हेर्दै रमाइलो र उत्साहजनक लाग्ने मिथिलाञ्चलका बासिन्दाहरू बताउँछन्।

यस वर्ष पनि विगतझैं महोत्तरीको जिल्ला सदरमुकाम जलेश्वरलगायत जिल्लाका १५ वटै स्थानीय तहमा हलो र गोरु पूजा भएको स्थानीय संवाददाताहरूले बताएका छन्।

# अन्तर्राष्ट्रिय समाचार

## नाइजेरियाकी ओकोन्जो विश्व व्यापार सङ्गठनको प्रमुखमा नियुक्त

जेनेभा, ४ फागुन/एएफपी

नाइजेरियाकी पूर्व अर्थमन्त्री एन्गोजी ओकोन्जो–इवेला विश्व व्यापार सङ्गठन (डब्लुटिओ)को प्रमुखमा नियुक्त भएकी छन् । डब्लुटिओको इतिहासमैं पहिलो प्रमुख हुन सफल भएकी ओकोन्जो उक्त पदमा पुग्ने पहिलो अफ्रिकी पनि हुन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनका दिनहरूमा निकै सङ्कटबाट गुज्रिनुपरेको डब्लुटिओलाई विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरसका कारण उत्पन्न आर्थिक सङ्कटबाट मुलुकहरूलाई राहत प्रदान गर्न डब्लुटिओको काँधमा ठूलो जिम्मेवारी छ ।

व्यापार क्षेत्रको यस शक्तिशाली संस्थाको महानिर्देशक पदमा नियुक्त भएसँगै उनले सुदृढ डब्लुटिओ धेरै मुलुकको चाहना रहेको बताएकी छन् ।

नवनियुक्त ६६ वर्षीया अर्थशास्त्री ओकोन्जोले यसअघि विश्व बैंकमा पनि महत्त्वपूर्ण जिम्मेवारी सम्हालेकी थिइन् । उनलाई डब्लुटिओको महानिर्देशकमा नियुक्त गर्न सदस्य राष्ट्रहरूले भर्चुअल विधिबाट मतदान गरेका थिए ।

लगभग निष्क्रिय र पक्षघातकै अवस्थामा पुगेको डब्लुटिओलाई पुनर्जीवित तुल्याउनु पनि ओकोन्जोको काँधमा ठूलो जिम्मेवारी आएको छ । महानिर्देशक पदमा विजय भएसँगै उनले भनिन्, "कोभिड–१९ को महामारीका कारण सिर्जित आर्थिक क्षतिलाई पूर्ण र तीव्र गतिमा पुनर्जीवित तुल्याउने हो भने सुदृढ डब्लुटिओ निकै महत्त्वपूर्ण छ।"

उनले डब्लुटिओका सामुन्ने धेरै चुनौती रहेका छन् भन्दै मिलेर कार्य गरिए डब्लुटिओलाई अझ बलियो, बढी जीवन्त र आजका यथार्थसँग अझ अनुकूलित बनाउन सकिन्छ भनिन् ।

ओकोन्जोले आगामी मार्च १ देखि कार्यभार सम्हाल्नेछिन् र उनको कार्यकाल सन् २०२५ को अगस्त ३१ सम्म हुनेछ ।

एकजना पश्चिमी मुलुकका कुटनीतिज्ञले ओकोन्जो महिला भएको वा अफ्रिकाकी भएकैले नछानिएको बताउँदै डब्लुटिओका सामुन्ने उत्पन्न चुनौतीलाई सामना गर्न सक्ने योग्यता, अनुभव र गुण ओकोन्जोमा रहेको स्पष्ट गरे ।

जेनेभामा मुख्यालय रहेको डब्लुटिओ गत वर्ष अगस्तदेखि नै नेतृत्वविहीन छ । एक वर्ष कार्यकाल रहँदै तत्कालीन कार्यकारी निर्देशक रोबर्टो अजिभेडोले राजीनामा गरेपछि डब्लुटिओमा नयाँ प्रमुखको नियुक्ति हुन सकेको थिएन ।

विश्वका १६४ मुलुक सदस्य रहेको यस संस्थाको नेतृत्व चयन सहमतिका आधारमा गर्ने प्रचलन रहिआएको छ ।

शुरूमा आठजना उम्मेदवार रहे पनि गत नोभेम्बरमा तीमध्ये एक व्यक्तिको नाम सिफारिश गरिएको थियो । तर तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले ओकोन्जोको नाममा असहमति जनाएर विवाद खडा गरिदिएको थियो ।

ट्रम्प प्रशासनले दक्षिण कोरियाली व्यापारमन्त्री यू म्युङ–हीलाई नियुक्त गर्न चाहेको थियो । तर अमेरिकामा नयाँ राष्ट्रपति जो बाइडेन नियुक्त हुने पक्का भएपछि म्युङ–हीले आफ्नो नाम सम्भावित सूचीबाट हटाएका थिए । बाइडेनले ओकोन्जोको नामलाई अनुमोदन गर्ने सङ्केत गरेको थियो ।

अमेरिकी कूटनीतिज्ञ डेभिड बिस्बीले संयुक्त राज्य अमेरिका डा ओकोन्जोसँग मिलेर कार्य गर्न इच्छुक रहेको बताएका थिए ।

सन् १९९५ मा डब्लुटिओ स्थापना भएपछि ओकोन्जो कार्यकारी निर्देशक हुने सातौं व्यक्ति हुन् ।

नाइजेरियाली ओकोन्जोको महानिर्देशक पदमा नियुक्तिका लागि संयुक्त राज्य अमेरिका, युरोपेली युनियन र अफ्रिकाले समर्थन जनाएका थिए ।

यतिबेला डब्लुटिओ धेरै किसिमका चुनौतीको घेरामा परेको छ । कोभिड–१९ शुरू हुनुअघि नै विश्व अर्थतन्त्रमा सङ्कट देखिएको थियो । डब्लुटिओले व्यापार वार्तालाई सहजीकरण गर्न सकिरहेको थिएन भने संयुक्त राज्य अमेरिका र चीनबीचको व्यापार तनावलाई मत्थर बनाउन असमर्थ भएको थियो ।

डब्लुटिओमाथि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले लगातार आक्रमण गरिरहेको थियो । अमेरिकाले सन् २०१९ को अन्त्यतिर डब्लुटिओको विवाद समाधान अपील प्रणालीमा आवश्यक न्यायाधीश नियुक्तिमा अवरोध गरिदिएको थियो । युरोपेली आयोगकी प्रमुख उर्सुला भोन डर लियेनले ओकोन्जोको नियुक्ति विश्वकै लागि ऐतिहासिक क्षण भएको बताइन् । उनले ओकोन्जोलाई युरोपले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । रासस

## डब्लुएचओद्वारा अस्ट्राजेनिका खोपलाई मान्यता प्रदान

जेनेभा, ४ फागुन/एएफपी

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले अक्सफोर्ड–अस्ट्राजेनिकाले विकास गरेको कोभिड–१९ विरुद्धको खोपलाई आपत्कालीन प्रयोगका लागि स्वीकृति प्रदान गरेको छ । कोभिड–१९ को महामारीसँग सङ्घर्षरत कमजोर एवं गरीब राष्ट्रलाई खोप प्रदान गर्न यस स्वीकृतिले सहज बनाउने डब्लुएचओले विश्वास लिएको छ ।

अस्ट्राजेनिकाको खोपलाई कोभाक्स कार्यक्रममार्फत विश्वभर वितरण गर्न डब्लुएचओको अनुमतिले सहज बनाएको छ । डब्लुएचओले यसअघि फाइजरले विकास गरेको खोपलाई मान्यता दिइसकेको छ ।

डब्लुएचओले जारी गरेको विज्ञप्तिमा कोभाक्समार्फत विश्वभर नै खोप वितरण गर्न यस निर्णयले सघाउ पुग्ने उल्लेख छ । अस्ट्राजेनिकाको खोप हाल भारतको सेरम इन्स्टिच्यूट र दक्षिण कोरियाको एसकेबायोले उत्पादन गरिरहेका छन् ।

भारत र दक्षिण कोरियाबाट अस्ट्राजेनिकाका करीब ३३ करोड ७२ लाख डोज खोप उत्पादन भइसकेको छ । यो खोप कोभाक्समा आबद्ध करीब १४५ मुलुक सहभागी छन् । यस खोपबाट सन् २०२१ को मध्यसम्ममा विश्वको कुल जनसङ्ख्याको करीब ३.३ प्रतिशतलाई खोप लगाउन पर्याप्त हुनेछ ।

कोभाक्सका लागि सेरम इन्स्टिच्युटबाट अस्ट्राजेनिकाको २४ करोड, दक्षिण कोरियाबाट अस्ट्राजेनिकाको ९ करोड ६० लाख तथा फाइजरबाट १२ लाख डोज उत्पादन हुँदैछ । यी खोपहरू दुई डोज लगाउनुपर्दछ ।

६५ वर्षभन्दा माथिका व्यक्तिलाई पनि अस्ट्राजेनिकाको खोप लगाउन मिल्ने डब्लुएचओले जनाएको छ । डब्लुएचओको विज्ञ सल्लाहकार समूहको बैठकले अस्ट्राजेनिकाको खोप ६५ वर्षभन्दा माथिका व्यक्तिलाई पनि दिन सिफारिश गरेको छ ।

यसअघि पर्याप्त तथ्याङ्कको अभावमा खोपको प्रभावकारिता आकलन गर्न कठिन भएको पनि डब्लुएचओले स्वीकार गरेको छ ।

**जिम्बाबेमा लकडाउनको म्याद थप**



तस्वीरः फाइल

हरारे/सिन्ह्वा

कोरोना भाइरसबाट प्रभावित अफ्रिकी मुलुक जिम्बाबेमा लकडाउनको समयावधि फेरि थप गरिएको छ ।

कोरोना भाइरसको महामारी नियन्त्रण नभएकाले लकडाउन फेरि थप्नुपरेको राष्ट्रपति इमर्सन मनङ्गवाले बताए ।

उनका अनुसार यसअघि ६ हप्ता लागू गरिएको देशव्यापी लकडाउन अहिले दुई हप्ता थप्ने तयारी भएको छ ।

राष्ट्रपति मनङ्गवाले देशमा कोरोना भाइरसबाट सङ्क्रमित हुने र मृत्यु हुने क्रम नरोकिएकाले लकडाउन आवश्यक परेको बताए ।

व्यापार–व्यवसाय गर्ने समय भने बढाइएको छ । दैनिक सातदेखि नौ घण्टासम्म व्यापार–व्यवसाय गर्न पाइने व्यवस्था गरिएको छ । रातिको समयमा भने कर्फ्यू नै लगाइएको छ ।

लकडाउनको समयमा विद्यालयहरू भने पूर्णरूपमा बन्द हुने पनि राष्ट्रपति मनङ्गवाले जानकारी दिए ।

त्यसैगरी, अन्तर शहर र अन्तर प्रान्तस्तरीय भ्रमण पनि बन्द गराइएको छ भने भोजभतेर र भीडभाड पनि गर्न नपाइने व्यवस्था गरिएको छ ।

सबै गतिविधि गर्दा विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को मापदण्ड तथा निर्देशिका अनुसार गर्न पनि सरकारले आह्वान गरेको छ ।

जिम्बाबेमा गत आइतवार एक दिनमा कोरोनाका कारण दुईजनाको मृत्यु भएको थियो भने ६८ जना सङ्क्रमित भएका थिए ।

अधिकारीहरूका अनुसार जिम्बाबेमा अहिलेसम्म झन्डै एक हजार ४०० जनाको मृत्यु भएको छ भने ३५ हजारभन्दा बढी सङ्क्रमित भएका छन् ।

**पोर्चुगलका प्रधानमन्त्रीलाई कोरोनाको खोप**

लिस्बन/सिन्ह्वा

पोर्चुगलका प्रधानमन्त्री एन्टोनियो कोस्टाले सोमवार कोरोनाविरुद्धको खोप लगाएका छन् ।

उनले खोप लगाएसँगै पोर्चुगलमा कोरोनाविरुद्धको खोप अभियान शुरू भएको अधिकारीहरूले जनाएका छन् ।

प्रधानमन्त्री कोस्टाले फाइजर/बायोएनटेकको खोप लगाएका हुन् । प्रधानमन्त्री कोस्टाले देशमैं पहिलो खोप लगाएर खोप अभियान शुरू गरिएको हो ।

त्यसैगरी, राष्ट्रपति मार्सेलो रिबेलो डि सौसा तथा संसद्का अध्यक्ष फेरो रोड्रिगेजले पनि कोरोनाविरुद्धको खोप लगाएका छन् । त्यसपछि प्राथमिकता क्रम निर्धारण गरेर सबैलाई खोप दिने तयारी भइरहेको अधिकारीहरूले जनाएका छन् ।

प्राथमिकता निर्धारण गर्दा स्वास्थ्यकर्मीहरूलाई सबैभन्दा अगाडि राखिएको छ भने ज्येष्ठ नागरिक र रोगीहरूलाई अर्को उच्च प्राथमिकतामा राखिएको छ । रासस

## अवनिश क्रसरमा आगलागी ३५ लाखभन्दा बढी क्षति अनुमान

प्रस, निजगढ, ४ फागुन/


आगलागी नियन्त्रण गर्ने प्रयास गर्दै नेपाल प्रहरी । तस्वीरः प्रतीक

निजगढ नगरपालिका–४ कछडिया टोलनजीकै रहेको अवनिश क्रसर उद्योगमा आगलागी हुँदा ३५ लाख रुपैयाँभन्दा बढी धनमालको क्षति भएको अनुमान गरिएको छ ।

सोमवार दिउँसो करीब १२ बजे क्रसर उद्योग रहेको झाडी बुट्यानमा एक्कासि आगोको मुस्लो देखिए पनि तत्कालै नियन्त्रणमा लिन नसक्दा आगोले मेशिनहरूमा समेत क्षति पुऱ्याएको उद्योगका कर्मचारी लोया कुमरले बताए ।

हावा चलेकै कारण आगो एकैछिनमा फैलिंदै मेशिनमा पनि लागेको कुमरले बताए ।

क्रसर मेशिनमा जडान मोटर, ढुङ्गा बोकेर कोनमा जाने ठूलो, सानो फित्ता र मेशिनमा समेत आगो लागेको उनले बताए । आगोको मुस्लो देखेपछि गाउँले आएर आगो नियन्त्रणमा लिन खोज्दा पनि नसकेपछि इलाका प्रहरी कार्यालय निजगढ, सशस्त्र प्रहरी निजगढ बेसका सुरक्षाकर्मी र निजगढ नगरपालिकाको वारुणयन्त्रको मदतले करीब दुई घण्टापछि आगो नियन्त्रणमा आएको प्रत्यक्षदर्शी गाउँलेहरूले बताए ।

वारुणयन्त्र समयमैं नआउँदा क्षति बढी भएको स्थानीयहरूको भनाइ छ ।

(बाँकी अन्तिम पातामा)

## मोटरसाइकल पोलमा ठोक्किंदा एकजनाको मृत्यु

प्रस, पंचगावाँ, ४ फागुन/

सखुवाप्रसौनी गाउँपालिका–५ महुवन गुलरिया सडकमा बिजुलीको पोलमा मोटरसाइकल ठोक्किंदा एकजनाको घटनास्थलमैं मृत्यु भएको छ ।

बुधवार बिहान ९ बजे सो सडकखण्डमा रहेको पोलमा तीव्र गतिमा


तस्वीरः सौजन्य

रहेको मोटरसाइकल ठोक्किंदा वीरगंज महानगर–२६ अठराहा सुगौली बस्ने ३२ वर्षीय जयप्रकाश पटेलको मृत्यु भएको महुवन प्रहरी चौकीले जनाएको छ । पटेलको शव शल्यपरीक्षणको लागि नारायणी अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

## कङ्काली माविमा सांस्कृतिक कार्यक्रम

प्रस, सिम्रौनगढ, ४ फागुन/


कार्यक्रमको उद्घाटन गर्दै प्रमुख प्रशासकीय अधिकृत जयसवाल । तस्वीरः प्रतीक

सिम्रौनगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवालले विद्यार्थीहरूले सकारात्मक सोच राख्नुपर्ने बताएका छन् ।

सिम्रौनगढको कङ्काली माविको प्राङ्गणमा सरस्वतीपूजाको अवसरमा आयोजित सांस्कृतिक कार्यक्रमको उद्घाटन गर्दै उनले विद्यालयको स्तरोन्नतिको लागि पछाडि नहट्ने बताए ।

कार्यक्रममा उनले सरस्वतीपूजा समितिलाई रु ५० हजार दिने पनि बताए ।

प्रमुख अतिथि ध्रुवप्रसाद कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रममा सर्मेन्द्र चौधरी, नुराजम सिद्धिकी, सर्पलाल प्रसाद, छठुप्रसादलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा स्वागत सुरेशप्रसाद यादव तथा सञ्चालन अरविन्द महतो नुनिया र विनोद झाले गरेका थिए ।

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – कडाश्रम |
| धनु – ज्ञानोदय | मकर – उदरपीडा |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## दुग्धेश्वर महादेव मन्दिरमा भक्तजनहरूको भीड

प्रस, पंचगावाँ, ४ फागुन/

पटेर्वासुगौली गाउँपालिका–१ मा स्थित दुग्धेश्वर महादेव मन्दिरमा मङ्गलवार बिहानैदेखि जल चढाउन भक्तजनहरूको भीड लागेको छ ।

पर्सा राष्ट्रिय निकुञ्जमा पर्ने धार्मिकस्थल दुग्धेश्वर महादेव मन्दिरमा वैशाख, साउन र माघ महीनामा मेला लाग्ने गर्दछ । वसन्तपञ्चमीका दिन नेपाल र भारतका विभिन्न स्थानमा रहेका नदी, तलाउबाट जल भरेर आउने कवरथुँवाहरूले आजदेखि जल चढाउने गर्छन् ।

मेला दर्शन गर्न जाने दर्शनार्थीहरूले जङ्गल यात्राको क्रममा होहल्ला गर्ने र गीत बजाउने गरेका कारण जङ्गली जनावरहरू त्रसित हुने गरेकाले यस वर्ष साउन्ड निषेध गरिएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**प्रसौनी बहुप्राविधिक शिक्षालय**

प्रसौनी, बारा

**निश्शुल्क तालीम ! निश्शुल्क तालीम !! निश्शुल्क तालीम !!!**

परिषद् प्रदेश कार्यालय र प्रदेश सामाजिक विकास मन्त्रालयको सहयोगमा CTEVT को आङ्गिक यस प्रसौनी बहुप्राविधिक शिक्षालय प्रसौनी बारामा ३९०/१६९६ घण्टाको निश्शुल्क सीपमूलक तालीम सञ्चालन हुन गइरहेकोले १८ वर्ष उमेर पुगी ४० वर्ष ननाघेका इच्छुक नेपाली नागरिकहरूले समयमा फाराम भरी मौकाको लाभ उठाउन आह्वान गरिन्छ ।

**सञ्चालन हुने तालीमहरू**

| क्र.सं. | तालीमको नाम | अवधि/तह | आवश्यक सङ्ख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | Junior Electrician | १० महीने (१९९६ घण्टा) तह–२ | २० जना | सामान्य लेखपढ | |
| २ | Building Electrician | ३ महीने (३९० घण्टा) तह–१ | २० जना | सामान्य लेखपढ | |
| ३ | Plumber | ३ महीने (३९० घण्टा) तह–१ | २० जना | सामान्य लेखपढ | |
| ४ | Tailoring | ३ महीने (३९० घण्टा) तह–१ | २० जना | सामान्य लेखपढ | |
| ५ | Meson | ३ महीने (३९० घण्टा) तह–१ | २० जना | सामान्य लेखपढ | |

- आवेदन पाउने तथा बुझाउने स्थानः– प्रसौनी बहुप्राविधिक शिक्षालय, प्रसौनी, बारा ।
- आवेदन फाराम बुझाउने अन्तिम म्याद– मिति २०७७/११/२१ गतेसम्म ।
- आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरूः नागरिकता प्रमाणपत्रको प्रतिलिपि, २ प्रति पासपोर्ट साइजको फोटो
- विस्तृत जानकारीको लागि सम्पर्क फोन नं.: ९८५५०२६८०७ र ९८५५०५५०४१

# कृष्ण पासवानको यस्तो हालतः पेट दुख्छ, शरीर सुनिँदै

प्रस, पोखरिया, ४ फागुन/

पर्सा, पोखरिया नगरपालिका वडा नं ६ श्रीसिया (डिह टोला)का ६ वर्षीय बालकलाई अज्ञात रोगले सताएको छ। विगत १० महीनादेखि शम्भु हजरा दुसाधका छोरा कृष्ण पासवानलाई कहिलेकाहीं पेट दुख्ने र शरीर सुनिँदै गएको देखिएको छ। अहिले उनी यति मोटाउँदै गएका छन् कि आँखा ढपक्कै ढाक्ने गरी छोपिँदै गएको छ। उनको उपचारमा बुबा शम्भु हालसम्म नेपाल र भारतका विभिन्न अस्पताल र चिकित्सककहाँ चहारिसकेका छन् तर पनि उनी निको हुन सकिरहेका छैनन्।

पोखरियाका केही सामाजिक अगुवाको सक्रियतामा उक्त बालकलाई आर्थिक सहयोग गरी काठमाडौं महाराजगंजस्थित कान्ति बाल अस्पतालमा लगिएको श्रीसियाका बासिन्दा भगवान दास तत्वाले जानकारी गराए। केही दिनअघि उनको एउटा भिडियो सामाजिक सञ्जालमा राखेर सहयोगको लागि अपील गरिएकोमा हालसम्म २५ हजार नगद सहयोग प्राप्त भएको तत्वाले जानकारी गराउँदै गत शनिवार बिहानदेखि अस्पतालमा भर्ना भएर उपचार भइरहेको जानकारी गराए। तत्वाले भने, "बुबा गरीब छन्, दुई छाक खान मिहिनेत मजदूरी गर्छन्, बच्चाको उपचारमा आर्थिक अभाव भएपछि आफूहरूले सहयोग गरिरहेका छौं।"



आमाबुबासँगै बालक कृष्ण पासवान। तस्वीरः प्रतीक

शम्भु डकर्मीको काम गर्छन्। गत फागुनमा घर बनाउन उनी जनकपुर परिवारसँगै गएका थिए। त्यसपछि लकडाउन पनि शुरू भयो। जनकपुरकै बसाइमा बच्चा रोगी भएको परिवारजनले बताएका छन्। कृष्णाका ठूलो बुबा प्रभु हजरा भन्छन्, "बच्चा पहिले ठीक थियो, विगत १० महीनादेखि रोगी भएको छ, धेरै ठाउँमा चेकजाँच गराउँदा पनि रोग पत्ता लागिरहेको छैन, झन मोटाउँदै गएको छ।"

बालकका बुबाले काठमाडौंमा आइतवारदेखि रगत, पिसाब चेकजाँच गरी उपचार शुरू भएको बताए। केही चिकित्सकले बालकको मिर्गौलामा समस्या रहेको भनी बताएको शम्भुले बताए। जसले गर्दा उनको वजन बढ्दै र शरीर सुनिँदै गएको आशङ्का गरे तापनि ठ्याक्कै यही रोग लागेको र यसको निदान यसरी हुन्छ भनी जवाफ नपाएको बताए। उनले चिकित्सक तथा अन्यसँग बालकको उपचारमा सहयोगको लागि गुहारसमेत गरेका छन्।

१० धुर घडेरीबाहेक शम्भुको जग्गा जमीन छैन। दैनिक ज्यालादारी गरी उनले आफूसमेत पाँचजनाको परिवार पाल्दै आएका छन्। छोराको उपचारमा करीब २ लाख रुपैयाँ कर्जा लिइसकेको पनि उनले दुःखेसो पोखे। उनका अरू चार वर्षका छोरा र एक वर्षकी छोरी छन्।

# दोहोरो नागरिकता विषयमा सिंहमाथि कारबाई प्रक्रिया शुरू

प्रस, वीरगंज, ४ फागुन/

दोहोरो नागरिकता सम्बन्धमा वीरगंज महानगर-७ निवासी सोमेन्द्र सिंहमाथि अनुसन्धान शुरू भएको छ।

नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो, गृह मन्त्रालय तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरी कारबाई प्रक्रिया अगाडि बढाउन जिल्ला प्रशासन कार्यालय, पर्सालाई निर्देशन दिएपछि अनुसन्धान अगाडि बढाइएको प्रमुख जिल्ला अधिकारी आसमान तामाङले बताए।

आफूमाथि कारबाई प्रक्रिया अगाडि बढेपछि सिंह आफैँले नागरिकता परित्यागको लागि जिप्रका पर्सामा निवेदन दर्ता गराएका थिए। २०६३ चैत १२ गते नागरिकता लिएपछि उनले नेपालमा के कति हानि-नोक्सानी गरेको भन्दै अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय, मालपोत कार्यालय, आन्तरिक राजस्व कार्यालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिस्ट्रार कार्यालय, घरेलु तथा वाणिज्य कार्यालयमा पत्राचार गरी विवरण माग गरिएको छ।



सोमेन्द्र सिंह।

सिंह र उनकी पत्नी मीना सिंहको बारेमा जिप्रका पर्साले माथि उल्लिखित ठाउँमा पत्राचार गरेको प्रजिअ तामाङले बताए।

भारतीय नागरिक सिंहले २०६३ सालमा टोलीमार्फत नागरिकता लिएका थिए। झूटो विवरण दिई नागरिकता लिएका भनी चारैतिरबाट घेराबन्दीमा परेपछि सिंहले कानून व्यवसायीमार्फत जिल्ला प्रशासन कार्यालयमा माघमा नागरिकता परित्यागको लागि निवेदन दर्ता गराएका थिए।

प्रजिअ तामाङका अनुसार सम्बन्धित ठाउँमा पत्राचार भएको र सोमेन्द्र र मीनाको नाममा कति सम्पत्ति रहेको र उनीहरूले राज्यलाई कति क्षति पुऱ्याएको विवरण प्राप्त भएपछि कारबाई प्रक्रिया अगाडि बढाउने बताए।

सिंह भारत, बिहारको हाजीपुर वैशाली निवासी हुन्।

## अवनिश ऋसर.....

नगरपालिकालाई खबर गरेको झण्डै एक/डेढ घण्टापछि मात्र करीब ५ किलोमिटर टाढा रहेको घटनास्थलमा वारुणयन्त्र पुगेको एकजना सुरक्षाकर्मीले बताए।

आगलागीको कारण यकीन हुन नसकेको इप्रका निजगढले जनाएको छ। लगभग ८ वर्षदेखि निरन्तर बन्द रहेको अवनिश ऋसर उद्योगमा करोडौं मूल्यको मेशिन, लोडर, डोजर, टिपरलगायतका सामान अलपत्र अवस्थामा छन्।






# खेलकूदको संसार

## तेस्रो पर्सागढी गोल्डकप फूटबल : फ्युजन क्लब विजयी

प्रस, बिरुवागुठी, ४ फागुन/

आमोदेवी युवा स्पोर्ट्स क्लबद्वारा आयोजित तेस्रो पर्सागढी गोल्डकप फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार हर्दी युवा समाज राप्ति चितवन र फ्युजन फूटबल क्लब गाईघाट उदयपुरबीच भएको खेलमा फ्युजन १-३ गोलअन्तरले विजयी भएको थियो।



तस्वीरः प्रतीक

फ्युजनका समिराज राउतले खेल शुरू भएको ७औं मिनेटमा पहिलो गोल गरेका थिए भने दोस्रो गोल फ्युजनकै दीपक मगरले ३६औं मिनेटमा गरेका थिए। त्यसैगरी, खेलको दोस्रो मध्यान्तरको १७औं मिनेटमा फ्युजनका सरोज मगरले तेस्रो गोल गरेका थिए।

खेलको अन्त्यमा हर्दी युवा समाज राप्ति चितवनका यक्स थापाले सान्त्वना एक गोल गरेका थिए।

भोलि बुधवार पहिलो सेमिफाइनल खेल वीरगंज युनाइटेड र वाग्मती युवा क्लब सर्लाहीबीच हुने आयोजक क्लबका सदस्य अरुणप्रकाश रेग्मीले बताए।

## योङ्स्टार युवा क्लब र निजगढ युवा क्लब 'ए' विजयी

प्रस, निजगढ, ४ फागुन/

निजगढमा जारी तेस्रो निजगढ मेयर कप फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको खेलमा योङ्स्टार युवा क्लब र निजगढ युवा क्लब 'ए' विजयी भएका छन्। आज भएको पहिलो खेलमा योङ्स्टारले चौतारा युवा क्लबलाई १ का विरुद्ध ४ गोलअन्तरले पराजित गरेको हो।



तस्वीरः प्रतीक

खेल शुरू भएको छैटौं मिनेटमा चौताराले प्राप्त गरेको कर्नर किकलाई राजकुमार सारू मगरले हेडमार्फत गोल गरे। त्यसैगरी, १७औं मिनेटमा योङ्स्टारका अरुण लामाले गोल गर्दै खेल बराबरीमा ल्याए।

योङ्स्टारलाई अग्रता दिलाउने क्रममा ३२औं मिनेटमा रवि लामाले थप गोल गरे। पहिलो मध्यान्तरको अतिरिक्त समयमा योङ्स्टारका विनय लामाले गोल गर्दै पहिलो मध्यान्तरमा योङ्स्टारलाई ३-१ गोलअन्तरले अग्रता दिलाए। दोस्रो मध्यान्तरमा चौतारा खेलको लयमा फर्कने देखिए पनि कुनै गोल थप्न सकेन। दोस्रो मध्यान्तरको अतिरिक्त समयमा योङ्स्टारका अरुण लामाले पुनः गोल गर्दै योङ्स्टारलाई १ का विरुद्ध ४ गोलअन्तरले विजयी बनाए। सो खेलमा म्यान अफ दि म्याच योङ्स्टारका अरुण लामा घोषित भए।

त्यसैगरी, दोस्रो खेलमा निजगढ युवा क्लब 'ए'ले निजगढ-१३ युवा क्लबलाई १ का विरुद्ध ९ गोलअन्तरले पराजित गऱ्यो। शुरूको १० मिनेट जति खेल प्रतिस्पर्धात्मक देखिए पनि त्यसयता निजगढ-१३ माथि निजगढ युवा क्लब एकपक्षीयरूपमा हावी भयो। खेलको ७औं मिनेटमा निजगढ युवा क्लबका समीर तामाङले गोल गरे। समीरकै गोलमा निजगढ युवा क्लबले १४औं मिनेटमा अग्रता दोब्बर बनाएको थियो।

निजगढ-१३ का सुन्दर विश्वकर्माको आत्मघाती गोलसँगै निजगढ युवा क्लबको अग्रता तेब्बर बन्न पुग्यो। ३२औं मिनेटमा निजगढ युवा क्लबका समीरले ह्याट्रिक गरे। त्यसको दुई मिनेटपश्चात् समीरले व्यक्तिगत गोल सङ्ख्या ४ बनाउँदै निजगढ युवा क्लबलाई ५-० को अग्रता दिलाए।

पहिलो मध्यान्तरमा ५ गोल खाएको निजगढ-१३ ले खेलको ४७औं मिनेटमा सन्देश लामाले पेनाल्टी सुटमा एक गोल गरे। विपक्षी टिमका खेलाडीले डिबक्सभित्र फल खेलेपछि प्राप्त भएको पेनाल्टीलाई उनले सदुपयोग गरे। लगत्तै खेलको ४९औं मिनेटमा निजगढ युवा क्लबका समीरले व्यक्तिगत ५औं गोल गर्दै टोलीलाई ६-१ को अग्रता दिलाए।

निजगढ युवा क्लबको लागि ५२औं मिनेटमा जन्मेजय धामीले गोल गर्दै अग्रता बढाएका थिए। खेलको ६१औं मिनेटमा निजगढ युवा क्लबका धनराज विश्वकर्माले गोल गर्दै टोलीलाई ८-१ को अग्रतामा पुऱ्याए। निजगढ युवा क्लबका समीरले खेलको ७०औं मिनेटमा दोहोरो ह्याट्रिक गर्दै आफ्नो टीमलाई १ का विरुद्ध ९ गोलअन्तरले विजयी बनाए।

सो खेलको म्यान अफ दि म्याच निजगढ युवा क्लबका समीर तामाङ घोषित भए।

भोलि बुधवारको खेल एफसी कोलगाउँ र निजगढ वडा नं ९ बीच हुने आयोजक निजगढ फूटबल क्लबले जनाएको छ। निजगढ-९ स्थित शहीद हीरालाल रङ्गशालामा खेल भइरहेको छ।

# फन एन्ड फनले रजतजयन्ती मनाउँदै

प्रस, वीरगंज, ४ फागुन/

वीरगंज-१० आदर्शनगरमा सञ्चालित फन एन्ड फनले २५ वर्ष पूरा गरी २६औं वर्षमा प्रवेश गरेको छ।

२५ वर्षअघि २०५२ सालमा सरस्वतीपूजाकै दिन 'फन टाइम'को नामबाट उक्त डिपार्टमेन्टल स्टोर सञ्चालनमा आएको थियो।

स्टोरका सञ्चालक कञ्चनकुमार अग्रवालले रजतजयन्तीको अवसरमा सबै सामानमा एक साताको लागि ५ प्रतिशत छुट दिइरहेको बताए।

आजदेखि फागुन १० गतेसम्म यो छुट लागू हुने उनले बताए।




तस्वीरः प्रतीक

उक्त स्टोर वीरगंजको पहिलो डिपार्टमेन्टल स्टोर हो, जसले खाद्यान्न, बियर, कोल्डड्रिंक्स, मदिरा, कस्मेटिक, ड्राइफ्रुडलगायत अन्य विभिन्न सामान बेच्दै आएको छ।